*Received date: January, 2026*
*Accepted date: March. 2026*
*Published date: May, 2026*

# कवि राजेश ढुङ्गानाका कवितामा विद्रोह चेत
# (Poet Rajesh Dhungana's poems evoke a sense of rebellion)

**लक्ष्मी पौडेल**
उपप्राध्यापक (नेपाली)
Email: laxmi.poudel@memc.tu.edu.np

**लेखसार**

*प्रस्तुत लेख कवि राजेश ढुङ्गानाको 'सुकिला मान्छेको सामूहिक मृत्यु' कविता संग्रहका कवितामा पाइने विद्रोह चेतको विश्लेषणमा केन्द्रित रहेको छ । हालसम्म कविताका क्षेत्रमा मात्र कलम चलाएका ढुङ्गानाका 'सुकिला मान्छेहरुको सामूहक मृत्यु' (२०७०) र 'मैले खोजेको देश' (२०८०)दुई संग्रह प्रकाशमा आएका छन् । कविका यी दुई कृतिमध्ये पहिलो सुकिला मान्छेहरुको सामूहिक मृत्यु कविता संग्रहका केही कवितालाई मात्र अध्ययनको विषय बनाइएको छ ।कवि राजेशका कविता कृतिलाई प्राथमिक सामग्रीका मानी तयार पारिएको यस शोध लेखमा विद्रोह चेत तथा सम्बद्ध कविता संग्रह सबन्धी अध्ययनलाई द्वितीयक सामग्री मानिएको छ र प्राथमिक एवम् द्वितीयक दुबैखाले सामग्रीलाई पुस्तकालय कार्यबाट संकलन गरी ढुङ्गानाका कवितामा अभिव्यक्त विद्रोह चेतको खोजी गरी विश्लेषण गरिएको छ । यस लेखमा राजेश ढुङ्गानालाई विद्रोही कविका रुपमा विश्लेषण गर्ने क्रममा विषय पचिय, अध्ययनको विधि, सैद्धान्तिक अवधारणा, कवितामा पाइने विद्रोहका विभिन्न पक्षहरु जस्ता उपशीर्षकको प्रयोग गरिएको छ । व्याख्या,विश्लेषण र तुलनाको माध्यमबाट कवि राजेशलाई एक प्रबुद्ध विद्रोही कविका रुपमा रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**Abstract**

*This article analyzes the rebellious spirit in Rajesh Dhungana's poetry collection 'Sukila Mancheko Samahik Mruty'. To date, Dhungana, whose writing has exclusively been poetry, has released two collections: 'Sukila Mancheko Samahik Mruty' (2070) and 'Maile Koko Desh' (2080). Out of the poet's two works, only a select few poems from the initial collection, 'Sukila Mancheko Samahik Mruty', have been chosen for academic analysis. The primary material for this research article is poet Rajesh's poetry, while secondary material includes studies on rebellion in poetry. Analysis of collected library resources, primary and secondary, was conducted to uncover the rebellious essence within Dhungana's poetry. This article examines Rajesh Dhungana as a rebel poet, using subtitles like subject matter, methodology, theoretical concepts, and aspects of rebellion in poetry. Explanation, analysis, and comparison have led to the conclusion that the poet Rajesh embodies an enlightened rebel.*

*शब्दकुञ्जी :* असन्तुष्टि, अस्तित्व, क्रान्तिकारी, चिन्तन, व्यङ्ग्य

*Keywords:* discontent, existence, revolutionary, thought, satire

**विषय परिचय :**

कवि राजेश ढुङ्गना (२०१९) झापाको भद्रपुरमा बसोबास गर्दै आएका छन् । पेशाले उनी सञ्चारकर्मी हुन् । उनले विद्यार्थी जीवनदेखि (२०३५-३६) नैकविता लेख्न सुरु गरेका हुन् । उनका कविताहरु राष्ट्रिय स्तरका साहित्यिक पत्रपत्रिकाहरु मधुपर्क, गरिमा, रुपरेखा, अभिव्यक्ति, मुकुट, बगर, कल्पना, समष्टि, कविता, भानु, संचेतना, वसन्तको खोजी आदिमा छापिएका छन् । त्यसैगरी राष्ट्रिय स्तरका दैनिक तथा साप्ताहिक पत्रिका गोरखापत्र, कान्तिपुर, राजधानी, अन्नपूर्ण आदि र स्थानीय विभिन्न पत्रिकाहरुमा पनि केही कविता छापिएका पाइन्छन् । विगत

चार दशकभन्दा बढी समयदेखि उनले कवितामा कलम चलाए पनि कविता लेखनको पैतालिसौँ वर्षमा मात्र पुस्तकाकार कृति 'सुकिला मान्छेको सामूहिक मृत्यु' (२०७०) प्रकाशन हुन सेकेको देखिन्छ । फेरि दश वर्षको अन्तरालमा अर्को कविता संग्रह 'मैले खोजेको देश' (२०८०) प्रकाशित गरेर उनले आफ्नो निरन्तर सर्जनशीताको पहिचानकायम राखेका छन् । कवि राजेश पहिलो संग्रहित कृतिबाटै आफूलाई प्रभावकारी कविको परिचय बनाउन सफल देखिन्छन् । उनको कवित्व र कविताका सम्बन्धमा छिटफुट चर्चा-परिचार्चा भएबाहेक गहन चर्चा-परिचर्चा, विश्लेषण तथा अध्ययनको कमी नै देखिन्छ । अगाडि भएका केही अध्ययनहरुलाई आधार मान्दै थप अध्ययन गर्न क्रममा कवि ढुङ्गानाका कवितामा पाइने विद्रोह चेतलाई शोध समस्याका को रुपमा प्रस्तुत गरी त्यसको विश्लेषण समेत गरिएको छ। यस सन्दर्भमा प्राप्त भएका केही समालोचनात्मक तथा अनुसन्धानात्मक सूचनाहरुलाई यहाँ उल्लेख गर्न उपयुक्त ठानिएको छ ।

१. ध्रुवचन्द्र गौतम (२०६९)ले उक्त कृतिको भूमिका लेखनमा कवि राजेशलाई एक स्थापित कविका रुपमा चर्चा गर्दै आक्रोश र विद्रोह उनका कविताको स्वर बनेको कुरा उल्लेख गरेका छन् । तर त्यस सम्बन्धमा व्यख्या विश्लेषण गरिएको छैन ।
२. समालोचक हरि अधिकारी (२०७०)ले राजेशलाई वैचारिक दृष्टिले प्रखर प्रजातन्त्रवादी कवि भनेर चिनाएका छन् ।
३. रामविक्रम थापा (२०७०,गरिमा) ले राजेशका कविताले वर्तमान विकृति रविसङ्गतिप्रति धारिलो व्यङ्ग्य प्रहार गरेको कुरा उल्लेख गरेका छन् ।
४. विष्णुविभू घिमिरे (२०८०) का अनुसार राजेश ढुङ्गानाले आफ्नो दशकका एक शक्तिशाली कविका रुपमा आफूलाई स्थापित गराएका छन् ।
५. अशेष मल्ल (२०८०) ले राजेशको कवित्व प्रस्फुरणको कारक तत्व नै पञ्चायती शासनको निरङ्कुशताहो भनेका छन् ।
६. उक्त संग्रहको दोस्रो संस्करण (२०८०) को भूमिका लेख्दै तारा विविधले उनलाई एक प्रतिभाशाली कविका रुपमा चिनाएको पाइन्छ ।

यसरी विद्वानहरुका दृष्टिमा राजेश एक प्रतिभाशाली, प्रभावकारी,निरङ्कुशताका विरुद्ध कलम चलाउने सशक्त कविका रुपमा देखाएका छन् । उनका कवितामा विद्रोह टड्कारो रुपमा रहेको कुरालाई संकेत गरिएको पाइए पनि त्यसतर्फ विस्तृत र गहन रुपमा विश्लेषण गरिएको पाइँदैन । अत : यो विषय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । यस लेखमा कविको विद्रोह चेतलाई केन्द्रमा राखेर विश्लेषण गरिएको छ । साथै उनलई एक विद्रोही कवि भनेर चिनाइएको छ ।

**अध्ययन विधि** :

प्रस्तुत लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका सामग्रीहरुको प्रयोग गरिएको छ । अध्ययनका लागि उक्त कविता संग्रहलाई प्राथमिकसामग्री र तत्सम्बन्धी समालोचना ,चर्चापरिचर्चा भएका पत्रपत्रिका आदिलाई द्वितीयक सामग्रीको रुपमा प्रयोग गरी कृतिको विवेचना गरिएको छ । कविता सम्बन्धी सैद्धान्तिक पुस्तक एवम् फुटकर लेखहरुलाई पनि आधार बनाएइएको छ । विद्रोह-चेत सम्बन्धी सैद्धान्तिक अवधारणालाई प्रस्तुत गर्नका लागि निगमनात्मक विधिको उपयोग गरिएको छ । प्राप्त गरिएका तथ्यका आधारमा वर्णन,विश्लेषण र तुलनात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

**सैद्धन्तिक अवधारणा** :

सामाजिक विकृति,विभेद, शोषण-दमन आदिका विरुद्ध क्रान्ति गर्नु नै विद्रोह हो । नेपाली वृहद् शब्दकोशले 'विद्रोह' शब्दको अर्थ 'कार्य सञ्चालनमा बाधा पुऱ्याउने वा राज्यलाई विफल पार्ने उद्देश्उले गरिएको ठूलो उपद्रव,विप्लव वा शासन सत्तालाई पल्टाउने काम अथवा ठाडो विरोध भनी उल्लेख गरेको पाइन्छ । यथास्थिति भन्दा भिन्न दृष्टिकोण राख्नु नै विद्रोह चेत हो । मानिसमा यथास्थिति प्रतिको आक्रोश, असन्तुष्टि र असन्तुलन नै विद्रोहका रुपमा प्रकट हुन्छ । निरङ्कुश शासन, अन्याय-अत्याचार, सामाजिक ,आर्थिक, राजनैतिक, धार्मिक तथा नैतिक विसङ्गति नै मानिसमा विद्रोह जगाउने कारक तत्व हुन् । जबसम्म मानवको चेतना र चरित्रमा परिवर्तन आउँदैन समाजमा कुनै पनि रुपान्तरण सम्भव हुँदैन । समाज परिवर्तनकै लागि मानवीय चेतना परिवर्तनकै लागि पनि विद्रोह गर्न जरुरी मानिन्छ । भइरहेको कुराप्रति असन्तुष्टि जनाउँदै आक्रोशका साथ आवाज उठाउनु  विद्राही हुन न हो । सचेत नागरिक जसले देश र जनताको न्याय र स्वतन्त्रताको लागि आवाज उठाउँछ वा कलम चलाउँछ त्यो विद्रोही हो । साहित्यकारले क्रान्तिकारी परिवर्तनका लागि आफ्नो विचार वा भावलाई उत्तेजक पाराले आफ्नो लेखनमा प्रस्तुत गरेको हुन्छ । राष्ट्रियता,स्वतन्त्रता,मानव अस्मिता, वर्गीयता, जातीयता, धार्मिकता आदिलाई विद्रोह चेतका उपकरण मानिन्छ । यिनै तत्वमा आघात पुग्दा विद्रोह जन्मन्छ । मानवीय भावना र आस्थामा कुठाराघात भए अस्तित्वमा प्रश्न चिह्न लाग्दा विद्रोहले झ्याँगिने मौका पाउँछ ।

**साहित्यमा विद्रोह चेत :**

साहित्यमा विद्रोह चेतलाई छुट्टै साहित्यिक मान्यताको रुपमा हेरिएको पाइँदैन । यो मार्क्सवादी सिद्धान्त,प्रगतिवादको निकटस्थ जस्तो देखिए पनि मार्क्सवादीसिद्धमन्तमा मात्र यो सीमित छैन । प्रगतिवाद मार्क्सवादी सिद्धान्तको साहित्यिक मान्यता हो । कार्ल-मार्क्सका साहित्य सम्बन्धी धारणाहरुलाई यसले अनुशरण गर्दछ । जीवन-जगतको वस्तु पक्षलाई जस्तो छ, त्यस्तै साहित्यमा प्रस्तुत गर्नु यथार्थवाद हो । यथार्थलाई दुई प्रमुख शाखामा विभाजित गर्न सकिन्छ ः १.सामाजिक यथार्थवाद र २.समाजवादी यथार्थवाद । समाज र जीवनको यथावत प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो । यसले समाजका विषयहरुलाई जस्ताको त्यस्तै उतार्दछ तर क्रान्तिको आह्वान गर्दैन । समाजको यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु समाजवादी यथार्थ वा प्रगतिवाद हो (जोशी, २०५० पृ.५७,) । प्रगतिवादी साहित्यकाहरु किसान,मजदुर र सर्वहारा वर्गको पक्षमा कलम चलाउँछन्  र समाज पविर्तनको चाहना राख्दछन् । क्रान्तिमा विद्रोह चेत हुन्छ, विद्रोहको स्वर हुन्छ । प्रगतिवादिता,क्रान्तिकारिता  र विद्रोहात्मकता समानधर्मी शब्दजस्ता देखिए पनि यिनमा केही भिन्नता पाइन्छ । प्रगतिवाद मार्क्सवादी सिद्धान्तमा आधारित हुन्छ । यसमा साम्यवादको प्रभाव देखिन्छ तर विद्रोह र क्रान्ति मार्क्सवादी नै हुनुपर्छ भन्ने छैन । प्रगतिवादी सिद्धान्तलाई नपछ्याउँदा पनि विद्रोह हुन्छ, क्रान्ति हुन्छ । प्रगतिवादबाहेक पनि विद्रोह तथा क्रान्तिकारी प्रवृत्तिले साहित्यमा अस्तित्व प्राप्त गरेको हुन्छ तर मार्क्सवादविना प्रगतिवादको अस्तित्व नरहन सक्छ । नेपाली साहित्यमा प्रगतिवाद आजसम्म पनि एक सशक्त धाराको रुपमा रही आएको पाइन्छ । यसलाई प्रष्ट रुपमा थालनी गर्ने श्रेय देवकोतालाई जान्छ । उनका वनारसकालीन कवितामा पाइने प्रगतिवादी चेतमा मार्क्सवादी प्रभाव देख्न सकिन्छ (शर्मा, २०२७, पृ.११४) । यस बेलाका देवकोटाका कवितामा परिवर्तन र विद्रोहको स्वर सशक्त ढङ्गले जुर्मुराएको छ भने द्धन्द्धात्मक भौतिकवादी चिन्तनले प्रवेश पाएको देखिन्छ (ओझा, २०७५, पृ.६८) । साहित्य समाजको अङ्ग भएकाले समाज तथा राज्यको नीतिको प्रभाव यसमा पर्नु स्वभाविकै मानिन्छ । कुनै पनि देशको साहित्य त्यहाँको विकासको प्रवाहसँगै अघि बढिरहेको हुन्छ । नेपाली साहित्य पनि यस प्रवृत्तिबाट अलग रहन सकेन । राणाकालको एकतन्त्रीय शासन व्यवस्थामा लेखन स्वतन्त्रतामा बाधा पुगे पनि बिस्तारै-बिस्तारै जनतामा आएको चेतनाको झिल्कोलाई प्रस्तुत गर्ने माध्यम साहित्य नै बन्दै गयो । लेखकहरु शासक र व्यवस्थाप्रतिको असन्तुष्टि र आक्रोशलाई घुमाउरो शैलीमा प्रस्तुत गर्न थाले । वि.सं.२००७ मा प्रजातन्त्रको स्थापना भएपछि खुल्ला वातावरणमा साहित्यकारहरुले स्वच्छन्द ढङ्गले आफ्ना भावना र विचारहरुलाई पोख्न पाए । यस प्रकार २००७ सालपूर्वको नेपाली साहित्य भनेको नेपलाी जनताका चेतनाहरुलाई अभिव्यक्त गर्ने विद्रोहात्मक माध्यम हो (शर्मा, २०२७ पृ. १०२) । प्रजातन्त्र प्राप्ति पश्चात् विचार र भावनाले उन्मुक्ति पाए पनि जनताले अपेक्षा गरे अनुरुपको सुव्यवस्था नपाएपछि उनीहरुमा छाएको निराशा ,कुण्ठा, विद्रोहका कारण कविता तथा अन्य विधामा उग्र भावहरुले स्थान पाउन थाले ।

लेखनाथको 'पिँजडाको सुँगा' (कविता) त्यस युगको आवाज थियो । विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' .(कथा), गोपालप्रसाद रिमालको 'आमाको सपना' (कविता), बालकृष्ण समको 'प्रह्लाद' (नाटक), देवकोटाको 'गरिब' (कविता) लगायतका रचनाहरु विद्रोहात्मक अभिव्यक्तिका तत्कालीन नमुना हुन् । धरणीधर कोइरालाको 'नैवेद्य' (१९७७) कविता संग्रहले नेपाली जनातलाई राणाशासशनको दमन, उत्पीडन र अत्याचारप्रति विद्रोह गर्न, शिक्षाको प्रचार गर्न र सुधारका कार्यक्रमहरु अघि बढाउने प्रेरणा समेत प्रदान गरेको छ । देवकोटाको 'प्रभुजी मलाई भेडो बनाऊ', 'बाघले बच्चा किन खान्छ ?' 'साँढे' र 'पागल' जस्ता रचनाहरुले तत्कालीन समाजभित्रको अव्यवस्था,अन्याय-अत्याचार र शोषण-दमनका विरुद्धमा क्रान्तिकारी स्वर उरालेर हलचल नै ल्याइदियो । धर्मराज थापा, गोकुलप्रसाद जोशी, विजय मल्ल,भूपि शेरचन, कालीप्रसाद रिजाल, तुलसी दिवस, आनन्ददेव भट्ट जस्ता कवि,साहित्यकारहरुले पनि तत्कालीन अन्याय, अत्याचारका विरुद्ध विद्रोह ओकलेका छन् । नेपाली कविताको वर्तमान समयसम्म आइ- पुग्दा आजका कविहरुले जीवनका विसङ्गति,शून्यता,अस्तित्वहीनता, बेथिति आदिलाई विषय बनाई विविध प्रायोग गर्दै समाज,संस्कृति,व्यवस्था,राजनीति,जीवन-दर्शनप्रति विद्रोह भाव ओकल्न पछि परेका छैनन् । नेपाली कवितामा देखिएका यिनै प्रवृत्ति र विद्रोह चेत सम्बन्धी धारणा तथा राष्ट्रियता,स्वतन्त्रता,अस्मिता,राजनैतिक बेइमानी आदि उपकरणहरुलाई आधार बनाएर कवि राजेश ढुङ्गानाका कवितामा विद्रोह चेतको यहाँ विश्लेषण गरिएको छ ।

**राजेश ढुङ्गानाका कवितामा विद्रोह चेत**

**राष्ट्रियता माथिको घातका विरुद्ध विद्रोह चेत**

राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना नै राष्ट्रियता हो । राष्ट्रको स्थितिप्रति चिन्तन वा आफ्नोपन, राष्ट्रलाई गरिने प्रेमलाई

राष्ट्रियता भन्ने गरिन्छ । आफ्नो जात-जाति, धर्म-संस्कार, रीतिरिवाजप्रतिको प्रेम पनि यसभित्र अटाउँछ । राष्ट्रलाई ठूलो हानि हुने काम कसैले गऱ्यो भने त्यो राष्ट्रघात हुन्छ । आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने सिद्धान्त वा राष्ट्रप्रति विशेष भक्ति भाव राख्नु नै राष्ट्रियता हो (नेपाली वृहत् शब्दकोश, २०४०, पृ.११४१) । राजेश ढुङ्गाना राष्ट्रवादी कवि हुन् । राष्ट्रिय गौरव, राष्ट्रियता हित र प्रेम उनका कवितामा पाइने मुख्य विषय हुन् । राष्ट्रियताका सवालमा उनी आफ्ना कवितामा खरो रुपमा प्रस्तुत भएका छन् । विशेष गरेर देशको गिर्दो अवस्था र राजनैतिक विकृतिप्रति आक्रोशित बन्दै राष्ट्रियतामा नै प्रश्न चिह्न लागेको अवस्थाप्रति कवि चिन्तित बन्न पुग्दछन् । उनी प्रश्न गर्छन् : 'आज हाम्रो राष्ट्रियता किन धरापमा परेको छ ? हामी किन पराधीन बन्दै गइरहेका छौँ ? हामीले हाम्रा पुर्खाहरुको गौरव र सानलाई कहाँसम्म पुऱ्यायौँ ? त्यसलाई हामीले किन बचाउन सकेनौँ ?' यसरी पुर्खाका खुन र पसिनाले आर्जेको, जन्मदै स्वाधीन भएर जन्मेको हाम्रो मुलुकले आज बाह्य शक्तिहरुको हस्तक्षेप सहनुपरेकोमा उनले दुःख व्यक्त गरेको 'एउटा मात्र कारण हाम्रो नियत', 'सुकिला मान्छेको सामूहिक मृत्यु', 'देश र जनता', 'मेरो वर्तमान जस्ता कवितामा हेर्न सकिन्छ र यी कवितामा उनको राष्ट्रियातवादी चेत निक्कै सल्बलाएको पनि छ ।

कसैको परतन्त्रमा नजकडिएको
अहम् बोक्ने मेरो यो देश
स्वयम्
आफ्नै र आफ्नो
पासोबाट चाहिँ
कहिल्यै मुक्त हुन सकेन

(एउटा मात्र कारण पृ. ९५)

आजको दशकमा पनि राजेश एउटा स्वच्छन्द, स्वतन्त्र र स्वाधीन देशनै खोजिरहेका छन् । उनले (जनतालें) चाहेजस्तो देश अझ पनि बन्न सकेको छैन । देशमा पटक-पटक भएका क्रान्तिहरुले केही परिवर्तन ल्याए पनि सुकिला-मुकलाहरुको हालीमुहालीले गर्दा जनताको अपेक्षा अनुरुपको देश बन्न नसक्दा कवि पुन : क्रान्ति गरेर देशको मुहार फेर्नुपर्छ भन्दै सबैलाई आह्वान गर्दछन् :

मेरो देश
एउटा शब्दसम्म बोल्न सकेन
न त कुनै दिन
एकै पल मात्र भए पनि
कुनै राजनीतिज्ञको छातीभित्र
टक्क...हृदय नै बनेर
अड्न सक्यो , नत धक्क मुटुनै बनेर
धड्कन सक्यो देश

(एउटा मात्र कारण, पृ. ९६)

देश खलनायकको हातमा परिसकेको भाव उनी व्यक्त गर्दछन् । खासगरी पञ्चायती निरङ्कुश व्यवस्थालाई इङ्गित गर्दै लेखिएका यी कविताहरु आज पनि त्यत्तिकै सान्दर्भिक देखिन्छन् ।

अहिले पनि
मेरो वर्तमानको
बस्तीमा
रात परेको छ
खलनायक पसेको छ ।

(मेरो वर्तमान पृ.३७)

आफ्ना शब्दमा सधैं विद्रोह ओकल्ने राजेश पञ्चायती निरङ्कुशताका विरुद्ध सधैं खडा रहेर सचेत हुन आग्रह गर्दछन् । सिङ्गो देश एक खलनायकको नियन्त्रणमा परेको अभिव्यक्ति उनी दिन्छन् ।

**राजनीतिक व्यवस्थाप्रति असन्तोष र आक्रोश**

राज्यको शासन व्यवस्था सम्बन्धी नीति नै राजनीति हो । जनताको शान्तिसुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको सन्तुलन गर्ने लगायतका कार्यहरु राजनीति अन्तर्गत पर्दछन् । सरकारको कर्त्तव्य देशको शान्ति-सुव्यवस्था,जनताको सुख-समृद्धि आदि व्यवस्थित गर्नका लागि गरिने क्रियाकलाप, राजनीतिप्रतिको प्रतिबद्धता नै राजनैतिकता हो । शासकमा हुनुपर्ने राजनीतिप्रतिको आचरण, अनुशासन, कर्त्तव्य सही नभएमा त्यही असन्तुष्टि बन्दछ, आक्रोश जन्मन्छ । जनतामा छाएको निराशा, विद्रोहमा परिणत हुन्छ । कवि राजेशले यस्ता राष्ट्रघाती व्यवस्था प्रति घृणाभाव व्यक्त गरेको छन् । उनमा देशको राजनैतिक अवस्थाप्रति वितृष्ण जागेको पाइन्छ । कवि देशको राजनीतिमा चासो राख्ने एक सचेत नागरिकका हैसियतले पञ्चायतकालदेखि नै कलमका माध्यमबाट शासन व्यवस्थासँग लढ्दै आउका हुन् । नेताहरुको अकर्मण्यता र स्वार्थी प्रवृतिले गर्दा उनीहरुप्रति जनताको मोह भङ्ग हुँदै गएको कुरालाई उनले कवितामा व्यक्त गरेको छन् । आफू खोजेजस्तो  र सोचेजस्तो देश नपाएकोमा उनी दुःखी हुन्छन् ।

मलाई राम्रोसँग थाहा छ
हिजो र आजजस्तै
भोलि पनि निरन्तर तिमी
मान्छेलाई रुवाएर
मान्छेको आँशुमा
आफू हाँस्ने गर्छौ

(राजनीति पृ.८१)

देशको राजनैतिक दूरावस्थाप्रति कवि चिन्तित देखिन्छन् । स्वतन्त्रता र सुशासनका लागि जनताहरु पटक-पटक क्रान्तिमा होमिए पनि वलिदानी भए पनि देशकाले काँचुली फेर्न नसकेको जनताको जीवन स्तरमा सुधार नआएकोले जनता पुनः जाग्नुपर्ने सन्देश कवितामा पाइन्छ । कविले राष्ट्रघाती नेतृत्वप्रति तीखो व्यङ्ग्य पनि गरेका छन् ।

तिमी
जहिले र जहँ पनि सदैव
मान्छेलाई मारेर
आफू बाँच्नु को अहङ्कार बोल्छौं
मान्छेहरुको तातो र रातो
रगतमाथि
रगत नै बगाएर
आफ्नो
अतृप्त प्यासको तुष्टि मेट्ने गर्छौं ।

(राजनीति,पृ. ८२)

नेताहरुको सत्तामोहकै कारणबाट देशमा राजनैतिक वितृष्णाले प्रश्रय पाइरको, आर्थिक उन्नतिमा अवरोध पुगेको,सामाजिक सद्भाव र सहिष्णुता हराउँदै गएको कुरालाई उनले कवितामय बनाएर यसरी व्यक्त गरेका छन् :

वलिदानीको मलामी गएर
फर्कँदै गर्दा बाटामा
मर्न बाँकी रहेको मात्रै एउटा चिज
अस्था र विश्वास पनि ठहरै मऱ्यो ।

(जनता पृ.३३)

पञ्चायतकालको दृश्यलाई चित्रण गरेर लेखिएको भए पनि आज पनि व्यक्तिकै सान्दर्भिक र सशक्त देखिन्छन उनका कविता । क्रान्तिपछिको परिवर्तनमा जब सुकिला मुकिलाहरुको हालीमुहाली सुरु हुन्छ तब अर्को क्रान्तिका लागि उनी आह्वान गर्छन् ।

**मानव अस्तित्व विरोधी क्रियाकलापप्रति विद्रोह**

मान्छे सर्वोच्च छ र यो सर्वोच्चता कायम रहनुपर्छ भन्ने मान्यता राख्ने राजेश अस्तित्ववादी कवि हुन् । आज मान्छे,मान्छे रहन सकेको छैन । उसले आफ्नो पहिचान गुमाउँदै गएको छ । हामीले आफ्नै कारणले हामी हुनुपर्ने विवेक,सिर्जनशीलता र सभ्यता गुमाउँदै गइरहेका छौं । हामी हुनुको अर्थ हाम्रो पुरानो गौरवमय इतिहास, हाम्रो स्वभिमान र मूल्य सबै बिर्सेर आर्काको इशारामा नाच्ने भइरसकेका छौं । आफ्नो अस्तित्व र पहिचानका लागि जुन रुपमा प्रस्तुत हुनुपर्थ्यो त्यो नगरी अन्य शक्तिका सामू लम्पसार परिरहेका छौँ । कहिल्यै पनि परतन्त्रमा नजकडिएको हाम्रो देशले आज आफ्नो अस्तित्वका लागि संघर्ष गर्नु परिरहेको छ । नेपालीहरुको पहिचानका रुपमा रहेको वीरता, शूरता,गौरव,प्रतिष्ठा र स्वाभिमानलाई कायम राख्न हामीले सकेका छैनौं । हामी निरीह बन्दै गइरहेका छौँ.,हाम्रो शीर आज निहुरिएको छ भन्ने भाव उनका कवितामा व्यक्त भएको छ ।

म आफैं
आफ्नो चिनारीदेखि
अनभिज्ञ भएको यसबेला
खै...
क-कसलाई परिचय गरौँ
म आफैं बेहोस भएर
स्वयम् आफ्नो परिचय समेत
गुमाइसकेको बेला !

(परिचय, पृ.३२)

आजको मान्छेको विवशता,बाध्यता,असहायपन,लाचारीपनलाई पनि कविले मार्मिक ढङ्गले व्यक्त गरेका छन् ।

लम्पसरा सुतेको छ
उन्मत्त मातेको मान्छे भैं
स्थित
मर्दा भनौं मुर्दा होइन
शलिक ठानौं शालिक पनि होइन
र, स्थितप्रज्ञ म
समवेदना पो दिइरहेछु
कहिले भयो हँ मेरो मृत्यु

(स्वतन्त्रता,पृ.४१)

सङ्ग्रहभित्रका अधिकांश कविताहरु मान्छे,परिचय,हामी आफैं ले इतिहासको वीरता,बाँच्नु भनेको यदि ...नियति,आँसु, मान्छे,परिभाषा,मुटु र मान्छे, महत्वकाङ्क्षा,हाम्रो नियति,सम्भावना आदि मानव अस्तित्व र मूल्यका सन्दर्भमा लेखिएका छन् ।

मान्छेका लागि मान्छे
स्वयम् आफैंमा
एउटा सिङ्गो ब्रह्माण्ड छ ।

(मान्छे,प.२०)

मान्छेको वर्तमान अवस्था उसको पीडा,बव्यथा, चेतना अनि जागरणलाई पनि कविले कवितामा समेटेका छन् । त्यसो त कवि मानवताका सम्बन्धमा निराशावादी मात्र देखिदैनन् । उनीभित्र जीवन बाँच्ने चाहना र आशा पनि त्यत्तिकै छिपेको पाइन्छ । जीवनको सार्थकतालाई पनि उनले महत्व दिएको पायन्छ ।

मरुभूमिमा बाँच्नु परे पनि
हामी मान्छे
निराशा बन्नु हुर्दैन
क्याक्टसमा पनि त

जीवन हुन्छ
मान्छेले आँटेपछि
सदैव डढेलो लागिरहने
सूर्यमै पनि कुनै दिन
ओस पलाउन सक्छ
(सम्भावना पृ ३१)
सुकिला पोशाक लगाएर छातीमा बिल्ला टाँस्ने
चम्किला मान्छेहरुले मृत्युकै क्षण
म एउटा र एउटा मात्र
सफा सग्लो र पूर्ण मान्छे प्रतीक्षा गरिरहेछु

(सुकिला मान्छेको सामूहिक मृत्यु पृ.१०९)

**स्वतन्त्रता विरोधी क्रियाकलापप्रति विद्रोह**

कवि राजेश ढुङ्गाना स्वतन्त्रताका पक्षपाती कवि हुन् । प्रजातन्त्र,राष्ट्रियता, मानवता झैं स्वतन्त्रता पनि उनको कवित्वको मूल शर्त देखिन्छ । पञ्चायती व्यवस्थाको निरङ्कुशताले प्रस्फुटन गराएको उनको कवित्व विशेषत ःवाक्-स्वतन्त्रता र सुशासनकै निम्ति सल्बलाएको देखिन्छ । वि.सं.२०३६ सालमा जनमत सङ्ग्रह भई सुधारिएको पञ्चायती व्यवस्था लागू भए तापनि जनताले पूर्ण रुपमा स्वतन्त्रताको उपभोग गर्न नपाएको बरु निरीह बनी मौनता साँध्नु परेको अवस्थालाई उनले कवितामा चित्रण गरेका छन् । वैचारिक रुपमा प्रजातन्त्रवादी भएर कवितामा पोखिएका राजेशको स्वतन्त्रताप्रति प्रगाढ विश्वास देखिन्छ । मानव अस्तित्वका साथै स्वतन्त्रता उनको कविताको केन्द्रीय विषय हो ।

स्वतन्त्रता हिजो
बन्धनबाट कैद थियो
तर आज स्वतन्त्रता स्वयम्
स्वतन्त्रताबाट कैद छ ।

(स्वतन्त्रता, पृ.४०)

पञ्चायतकालको नाम मात्रको स्वतन्त्रताले जनताको आकाङ्क्षा पूर्ण गर्न नसकेको, उनीहरुको चाहनालाई कदर नगरिएको हुँदा र आज प्रजातन्त्र मात्र नभई गणतन्त्र प्राप्त हुँदा पनि जनताले संघर्ष गरिरहनुपरेको, हिजो र आजमा कुनै पनि भिन्नता नरहेको प्रति कवि व्यङ्ग्य भाव व्यक्त गर्दछन् ः

हिजो ऊ मान्छेलाई
पहिरो झैं
भत्काउथ्यो पक्पक्ती
अहिले पनि मान्छेलाई निबुवा झैं
खोस्टा निचोरिरहेछ
च्यप्च्याप्ती

(मेरो वर्तामान, पृ.३६)

देशमा खलनायकहरुले शासन गरिरहेको भन्दै प्रजातन्त्र प्राप्ति पश्चात् पनि जनताहरुमा भ्रमको खेती गरिरहेका शासकप्रति लक्षित गर्दै अब जनतालाई झुक्याउन सक्दैनौं । हामी जागरुक भइसक्यौं । हामीमा सचेतना आइसक्यो, तिमीले झुक्याउने सपना नदेखे हुन्छ, भन्छन् ः

आकाश हेर्ने सबैका आँखा छन्
तर सबैको पाउले धरती टेकोको छ
तिमीले छेकेको भरमा
मान्छेले आकाश नदेख्ने होइन

(मुक्तताको गीत, पृ. ६३)

कवि राजेश ढुङ्गानाले आफ्ना कविता मार्फत देशको स्वाधीनता, रष्ट्रियता, स्वतन्त्रता, प्रजातन्त्र र मानवताको विषयमा आवाज उठाउँदै आएका छन् । व्यङ्ग्यात्मक शैलीमा चर्को विद्रोह गर्नु उनको कविताको विशेषता हो ।

**निष्कर्ष :**

राजेश ढुङ्गाना नेपाली कविताको क्षेत्रमा स्थापित नाम हो । आज पनि उनले युगलाई प्रतिनिधित्व गर्ने कविता लेखिरहेका छन् । मुक्त लयमा कविता लेख्न रुचाउने कवि राजेशका कवितामा स्वतन्त्रता,मानव अस्मिता,प्रजातन्त्रप्रति प्रेम, जीवनको निस्सारता जस्ता भावगत प्रवृत्ति पाइन्छन् । यिनै भावपरिमण्डलमा उनको विद्रोह चेत कविताभरि सलबलाएको देखिन्छ । उनका सुकिला मान्छेको सामूहिक मृत्यु (२०७०) र मैले खोजेको देश (२०८०) दुवै सङ्ग्रहका कविताहरु सैद्धान्तिक रुपमा राष्ट्र र राष्ट्रियताप्रति समर्पित भए तापनि बेथिति, विसङ्गति र असन्तुष्टिलाई पनि त्यत्तिकै महत्व दिइएको पाइन्छ । मानव अस्तित्वको खोजी स्वतन्त्रताको अपरिहार्यता,देशभक्ति वा राष्ट्रियता, राजनैतिक विकृतिको पर्दाफास आदिको केन्द्रीयतामा रचिएका उनका कवितामा प्रवृत्तिगत रुपमा भने विद्रोह चेतना नै मुखरित भएर आएको देखिन्छ । विशेष गरेर देशको गिर्दो अवस्था र राजनैतिक खिचातानीप्रति चिन्तित बन्दै राष्ट्रियतामाथि नै प्रश्नचिन्ह लागेको अवस्थाप्रति कवि आक्रोशित देखिन्छन् ।

पञ्चायतकालीन निरङ्कुश व्यवस्थाको विरोध स्वरुप सिर्जना भएका उनका कविताहरु क्रान्तिकारी भाव व्यक्त गर्न सफल छन् । प्रजातन्त्र र स्वतन्त्रता प्राप्तिका लागि जनताले पटक-पटक संघर्ष गरी वलिदान दिए पनि उनीहरुले अपेक्षा गरेअनुरुपको फल प्राप्त नहुँदा जनतामा छाएको निराशा र आक्रोशलाई उनले विद्रोही चेतना भएर देखाएका छन् । यस सन्दर्भमा कवि राजेश जनताको आवाज बनन पुगेका छन् । उनका कविताहरु हिजो जति सान्दर्भिक र प्रासङ्गिक थिए ,आज पनि त्यत्तिकै महत्वपूर्ण भएकाले कालजयी बनेका छन् । देशका शासकहरुमा राष्ट्रप्रतिको माया, पुर्खाहरुप्रतिको गौरव र सम्मान अनि जनताप्रतिको उत्तरदायित्वबोध नदेखिएपछि राजेश विद्रोही बनेर कवितामा प्रस्तुत भएका छन् । प्रजातन्त्रप्रतिको दृढ विश्वास,मानिसको सर्वोच्चता र स्वतन्त्रताले उनका कवितामा अग्रस्थान पाएका छन् । अस्तित्वविहीन भएर बाँचेको आजको मान्छेको विवशता र बाध्यतालाई नजिकैबाट नियालेका राजेशका कवितामा राष्ट्रियतादेखि लिएर मानव अस्तित्वमाथि परेको सङ्कट,गुम्दै गएको स्वतन्त्रता,पहिचान हराउँदै गएको आजको स्वार्थी मान्छे, देशको राजनीतिमा देखिएका विकृतिहरु,युद्ध,घृणा,द्वेष,समसामयिक विश्व-परिवेशको गहन समीक्षा यिनका कवितामा पाइन्छ । कविले एक चिन्तनशील सचेत नागरिकका रुपमा आफूलाई उभ्याउँदै आफुभित्र उठेको विद्रोहको ज्वालालाई कविताको रुप दिएका छन् । कवितामा विद्रोही बनेर प्रस्तुत हुने राजेशमा निराशा मात्र होइन त्यसको अर्को पाटो आशावादी भावना पनि सबल रुपमा पाइन्छ । एक दिन पक्कै पनि देशले एउटा सत-पात्र पाउनेछ र त्यस पात्रले अवश्य पनि जनताका सपनाहरुलाई पूरा गर्नेछ भन्दै उनी विश्वस्त बन्न पुगेका छन् । उनका कवितामा विद्रोहको स्वर उच्च रुपमा प्रकट भएको छ ।

**सन्दर्भ सूचि :**

ओझा, रामनाथ. (२०७५). *नेपाली कविताकाव्य,* काठमाडौं : करुधरा पब्लिकेशन
जोशी, कुमारबहादुर.(२०५०).*पाश्चात्य साहित्यका प्रमुख वाद.* चौथो संस्करण. ललितपुर : साझाप्रकाशन ।
ढुङ्गाना, राजेश. (२०८०). *सुकिला मान्छेको सामूहिक मृत्यु.* दोस्रो संस्करण. झापा : मुकुन्द ढुङ्गाना ।
ढुङ्गाना, राजेश.(२०८१). *मैले खोजेको देश.* ललितपुर : बगलामुखी अफसेट प्रेस ।
न्यौपाने, टङ्कप्रसाद. (२०३८). *साहित्यको रुपरेखा.* काठमाडौं : साझा प्रकाशन ।
थापा, हिमांशु. (२०३६). *साहित्य परिचय.* काठमाडौं : साझा प्रकाशन ।
शर्मा, ताना. (२०२७). *नेपाली साहित्यको इतिहास.* काठमाडौं : सहयोगी प्रेस ।
शर्मा, मोहनराज र दयाराम श्रेष्ठ. (२०३८). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* तेस्रो संस्करण. काठमाडौं : साझा प्रकाशन ।
त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी. सम्पादन. (२०४६). *नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन ।